

# बजार अवलोकन ३६

मंसिर, २०६८

**निम्न संस्थाहरुद्वारा संयुक्त रुपमा प्रकाशित :**
विश्व खाद्य कार्यक्रम– खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली
कृषि तथा सहकारी मन्त्रालय कृषि विभाग, कृषि व्यावसाय प्रवर्धन तथा बजार विकास निर्देशनालय
नेपाल उद्योग वाणिज्य महासंघ/कृषि उद्यम केन्द्र
उपभोक्ता हित संरक्षण मञ्च

WFP wfp.org FNCCI

## मुख्य बुँदाहरु

- ***हालै २०६८ को बाली भित्र्याइएको फलस्वरुप मोटा चामलको मूल्यमा मौसमी रुपमा कमी आएको छ भने बाली नभित्र्याइने समय अवधि भएको हुनाले गत एक महिनामा गहुँको पिठो र खानेतेलको मूल्यमा भने न्यून रुपमा बृद्धि भएको छ ।***
- ***नेपाल राष्ट्र बैंकद्वारा मंसिर महिनामा प्रकाशित प्रतिवेदनका अनुसार, खाद्य तथा पेय पदार्थको मूल्य सूचकाङ्क गत वर्ष यही समयको १३.३ प्रतिशत बृद्धिको तुलनामा हाल ८.४ प्रतिशतका दरले बृद्धि भयो ।***
- ***केही बन्द हडतालका कार्यक्रमहरु र यातायातमा अवरोधहरु आएतापनि देशभर आपूर्तिको हालसम्मको अवस्था सामान्य रहेको छ ।***

## राष्ट्रिय रुपमा बजारको अवस्था

### मूल्य

कृषि तथा सहकारी मन्त्रालय र विश्व खाद्य कार्यक्रम द्वारा अनुगमन गरिएका प्राय खाद्य बस्तुहरु (खास गरी हालै भित्र्याइएको वर्षे बाली) को मूल्य कात्तिकको तुलनामा मंसिर महिनामा न्यून रुपमा घट्यो । कात्तिकको तुलनामा मंसिर महिनामा मोटा चामलको औसत मूल्यमा ५.७ प्रतिशतका दरले कमी आई प्रति किलो रु. ३३.३ भयो भने गहुँको पिठोको मूल्यमा १.७ प्रतिशतका दरले न्यून रुपमा बृद्धि भई प्रति किलो रु. ३५.२ भयो । मास र मुसुरोको मूल्यमा क्रमश: १.७ प्रतिशत र २.५ प्रतिशतका दरले न्यून रुपमा बृद्धि भई प्रति किलो रु. ११०.२ र रु. ९२.३ भयो । यसैगरी, भटमासको तेलको मूल्यमा ३.५ प्रतिशतले बृद्धि भई प्रति लिटर रु. १२५.९ भयो । गत एक महिनामा आलुको मूल्य सबैभन्दा बढी मात्रामा घटेको पाइयो (करिब २५ प्रतिशतले कमी आई प्रति किलो रु. २६.५ भएको) । २०६८ भाद्र महिनाको तुलनामा हाल खानेतेल वाहेक प्राय खाद्य बस्तुहरुको मूल्य घट्दो प्रवृतिमा छन् । २०६७ मंसिरको तुलनामा मुख्य खाद्यबस्तु र दालहरुको मूल्यले घट्दो प्रवृति देखाएको छ भने खानेतेलको मूल्यले बढ्दो प्रवृति देखाएको छ ।

विभिन्न बजारहरुमा खाद्य बस्तुहरुको मूल्यमा विविधता देखियो । उदाहरणका लागि, मोटा चामलको मूल्य मुख्य उपभोक्ता बजारहरुमा स्थिर रह्यो भने यसको मूल्य हालैको ठूलो उत्पादनको फलस्वरुप सडक पहुँच भएका हिमाली तथा पहाडी बजारहरुमा ३.७ प्रतिशत र तराईका बजारहरुमा १२.९ प्रतिशतका दरले कमी आयो । यद्यपि, गत महिनाको तुलनामा बाली नभित्र्याइने समय अवधि भएको हुनाले सम्पूर्ण बजारहरुमा खानेतेलको मूल्य भने न्यून रुपमा बृद्धि भयो । उद्योग वाणिज्य महासंघ/ कृषि उद्यम केन्द्र द्वारा अनुगमन गरिएका पाँच ठूला बजारहरु (बिर्तामोड, काठमाडौं, बुटवल, सुर्खेत र धनगढी) मा गत एक महिनामा मोटा चामलको मूल्यमा ५.४ प्रतिशतले कमी आयो भने भटमासको तेलको मूल्य ७.४ प्रतिशतका दरले बृद्धि भयो ।

नेपाल राष्ट्र बैंक द्वारा मंसिर महिनामा प्रकाशित प्रतिवेदनका अनुसार, वार्षिक मूल्य स्फीति गत वर्ष यही समयको ८.४ प्रतिशत बृद्धिको तुलनामा ८.५ प्रतिशतले न्यून रुपमा बृद्धि भयो भने खाद्य तथा पेय पदार्थको मूल्य सूचकाङ्क सोही समयको १३.३ प्रतिशतको तुलनामा ८.४ प्रतिशतले बृद्धि भयो ।

### आपूर्ति

हालै वर्षे बाली भित्र्याइएको र यातायात सुविधा सुचारु भएको हुनाले देशभर आपूर्तिको हाल सम्मको अवस्था राम्रो रहेको छ । यद्यपि, संघीय लिम्बुवान राज्य परिषद्ले आव्हान गरेको अनिश्चितकालीन आम बन्दले अरुण नदी पूर्वपट्टीका नौ जिल्लाहरुमा केही दिनका लागि यातायात अवरुद्ध भयो तर हालै भित्र्याइएको वर्षे बालीले गर्दा खाद्य बस्तुहरुको सँचिती राम्रो भएको हुनाले खाद्य सुरक्षामा यसको प्रभाव उल्लेख्य रहेन । पेट्रोलियम पदार्थको ढुवानीमा हालै भएको संकटले यातायात सहज सञ्चालनमा प्रभाव पार्ने अनुमान छ जसको फलस्वरुप विशेष गरी हिमाली तथा पहाडी जिल्लाहरुमा खाद्यान्न आपूर्तिमा बाधा पुग्ने सम्भावना छ । यसलाई निकटबाट अनुगमन गर्न जरुरी छ ।

### पूर्वानुमान


हालै वर्षे बाली भित्र्याइएको हुनाले आउँदो महिनामा मोटा चामलको मूल्यमा कमी आउने अनुमान छ भने बाली नभित्र्याइने समय अवधि भएका खाद्य बस्तुहरु जस्तै गहुँको पिठो र खानेतेलका मूल्यहरुमा बृद्धि हुने अनुमान छ । पेट्रोलियम पदार्थमा हुन सक्ने मूल्य बृद्धिले ढुवानी लागतमा बृद्धि गराई खाद्यान्न मूल्यमा बृद्धि गराउने अनुमान छ ।

मनसुनी वर्षा लम्बिएको र समयमा नै वर्षा भएको हुनाले हिउँदे बालीको उत्पादन अनुकूल हुने संकेत गर्दै हिउँदे बालीको उत्पादन पूर्वानुमान हाल सम्मको अवस्थामा राम्रो छ ।


**मुख्य खाद्यवस्तुहरुको मूल्यमा भएको अत्यधिक परिवर्तन**

| खाद्यवस्तु | मूल्य ने रु/केजि, लि | % परिवर्तन १ महिना | अवलोकन |
|---|---|---|---|
| आलु | २६.५ | -२४.८ | अघौटे हिउँदे आलु भित्र्याइएको हुनाले आपूर्तिमा बृद्धि भएको |
| मोटा चामल | ३३.३ | -५.७ | हालैको राम्रो उत्पादनका कारण आपूर्तिमा सुधार आएको |

**१२ महिनाको औसत मूल्य ***




**मूल्य परिवर्तन प्रतिशतमा ** (१ महिना र १ वर्ष)**




नेपालको खाद्य सुरक्षा सम्बन्धि ताजा जानकरीकालागि खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली (NeKSAP) को विद्युतय ठेगाना **http://www.sites.google.com/site/nefoodsec** मा हेर्न सकिनेछ ।

† मूल्यहरु मंसिर महिनाको मूल्य सँग सम्बन्धित छन् ।

* मूल्यहरु यस प्रतिवेदनको पछाडी पट्टी दिईएको बजारहरुबाट लिइएको हो । तर सडक नपुगेका हिमाली तथा पहाडी बजारहरु यसमा समावेश छैनन् ।

** मूल्य परिवर्तन यस प्रतिवेदनमा भएका सम्पूर्ण बजारहरुसंग सम्बन्धित छन् ।



नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली
Nepal Khadhya Surakshya Anugaman Pranali (NeKSAP)
Nepal Food Security Monitoring System

# मुख्य खाद्य वस्तुहरुको खुद्रा मूल्य- मंसिर, २०६८

| बजार | मुख्य खाद्य वस्तुहरु | हालको मूल्य (नेरु/केजि नेरु/लि) | मूल्यमा परिवर्तन (%) * १ महिना | ३ महिना | १ वर्ष | औसत मासिक परिवर्तन १म | ३ म | १ वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| **मूख्य उपभोक्ता बजार** | | | | | | | | |
| काठमाडौं | मोटा चामल | ३५.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ३५.० | ०.० | -२.८ | २.९ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १२०.० | -२.४ | -४.० | १२.१ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | १६५.० | -२९.८ | -३१.३ | -१७.५ | ▼ | ▼ | ▼ |
| | तोरीको तेल | १३३.० | ०.० | ३.१ | १७.७ | ▶ | ▶ | ▲ |
| | मास | १०५.० | ०.० | ०.० | -१२.५ | ▶ | ▶ | ▶ |
| | मुसुरो | ८३.० | ७.८ | -१२.६ | -१४.४ | ▲ | ▼ | ▶ |
| | आलु | २५.० | -४१.९ | -१६.७ | -४१.९ | ▼ | ▼ | ▼ |
| पोखरा | मोटा चामल | ४५.० | ०.० | ०.० | ७.१ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ३३.० | -५.७ | -५.७ | -२.९ | ▼ | ▶ | ▶ |
| | भटमासको तेल | १२२.० | १.७ | १.७ | १०.९ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | २१०.० | -१४.६ | -२२.२ | -१६.० | ▼ | ▼ | ▼ |
| | तोरीको तेल | १४८.० | २.१ | २.१ | ५.७ | ▶ | ▶ | ▶ |
| | मास | ११०.० | -४.३ | १.९ | -१२.० | ▶ | ▶ | ▶ |
| | मुसुरो | ८५.० | -५.६ | -१०.५ | -१५.० | ▼ | ▼ | ▶ |
| | आलु | २८.८ | २.१ | -७.७ | -१२.७ | ▶ | ▶ | ▶ |
| **क्षेत्रीय तराई बजार** | | | | | | | | |
| बिराटनगर | मोटा चामल | २८.० | -१५.२ | ०.० | -१७.६ | ▼ | ▶ | ▼ |
| | गहुँको पिठो | ३०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १२०.० | -४.० | -१.६ | १४.३ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | २४०.० | ०.० | ०.० | -१३.० | ▶ | ▶ | ▶ |
| | तोरीको तेल | १४८.० | ५.७ | ५.७ | २०.३ | ▲ | ▶ | ▲ |
| | मास | १०५.० | ५.० | -४.५ | -१८.० | ▶ | ▶ | ▼ |
| | मुसुरो | ७५.० | ०.० | ०.० | -८.५ | ▶ | ▶ | ▶ |
| | आलु | १९.० | -४५.७ | -१३.६ | -४२.८ | ▼ | ▼ | ▼ |
| बिरगंज | मोटा चामल | २४.० | -२२.६ | -३१.४ | -४१.५ | ▼ | ▼ | ▼ |
| | गहुँको पिठो | ३२.० | ६.७ | ३.२ | -८.६ | ▲ | ▶ | ▶ |
| | भटमासको तेल | १३०.० | ०.० | ०.० | १८.२ | ▶ | ▶ | ▲ |
| | कुखुराको मासु | २४०.० | ०.० | ०.० | -७.७ | ▶ | ▶ | ▶ |
| | तोरीको तेल | १३५.० | -३.६ | -३.६ | ८.० | ▶ | ▶ | ▶ |
| | मास | ९२.० | ०.० | -२.१ | -२०.७ | ▶ | ▶ | ▼ |
| | मुसुरो | ७०.० | -६.७ | -१८.६ | -२५.५ | ▼ | ▼ | ▼ |
| | आलु | २२.० | -३८.९ | ४.८ | -४५.० | ▼ | ▶ | ▼ |
| नेपालगंज | मोटा चामल | २५.० | -१६.७ | -१६.७ | -१९.४ | ▼ | ▼ | ▼ |
| | गहुँको पिठो | २५.० | २.८ | ४.२ | -१९.४ | ▶ | ▶ | ▼ |
| | भटमासको तेल | १३०.० | ११.४ | १३.० | ४४.४ | ▲ | ▲ | ▲ |
| | कुखुराको मासु | २५०.० | ०.० | ०.० | ४.२ | ▶ | ▶ | ▶ |
| | तोरीको तेल | १६०.० | १०.३ | १८.५ | ३३.३ | ▲ | ▲ | ▲ |
| | मास | ८१.७ | -३.९ | -६.१ | -३.९ | ▶ | ▶ | ▶ |
| | मुसुरो | ७०.० | ०.० | ०.० | -१७.९ | ▶ | ▶ | ▼ |
| | आलु | २०.० | -३३.३ | ०.० | -४०.० | ▼ | ▶ | ▼ |
| धनगढी | मोटा चामल | ३६.० | २.९ | -१४.३ | १४.६ | ▶ | ▼ | ▶ |
| | गहुँको पिठो | ३१.० | ३.३ | -३.१ | १४.८ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १०५.० | ५.० | ०.० | ५.० | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | २५०.० | २.५ | ४.२ | ०.० | ▶ | ▶ | ▶ |
| | तोरीको तेल | १४०.० | ३.७ | २.२ | १२.० | ▶ | ▶ | ▶ |
| | मास | १४०.० | ७.७ | -५.४ | -१०.५ | ▲ | ▶ | ▶ |
| | मुसुरो | ११०.० | ११.१ | १७.० | १०.० | ▲ | ▲ | ▶ |
| | आलु | २०.० | -३३.३ | -३३.३ | ०.० | ▼ | ▼ | ▶ |

▲ सामान्य मूल्य परिवर्तन भन्दा मूल्य बढेको
▶ सामान्य मूल्य परिवर्तन
▼ सामान्य मूल्य परिवर्तन भन्दा मूल्य घटेका

यदि मूल्य परिवर्तन १ महिनामा ५ % सम्म, ३ महिनामा १० % सम्म अथवा १ वर्षमा १५ % सम्म भएमा त्यसलाई सामान्य मानिने छ ।

* यो नेपाल खाद्य संस्थान द्वारा वितरीत चामल हो किनभने त्यहाँ अन्य खाद्य सँचिती उपलब्ध छैन ।

| बजार | मुख्य खाद्य वस्तुहरु | हालको मूल्य (नेरु/केजि नेरु/लि) | मूल्यमा परिवर्तन (%) * १ महिना | ३ महिना | १ वर्ष | औसत मासिक परिवर्तन १म | ३ म | १वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| भैरहवा | मोटा चामल | - | - | - | - | - | - | - |
| | गहुँको पिठो | - | - | - | - | - | - | - |
| | भटमासको तेल | - | - | - | - | - | - | - |
| | कुखुराको मासु | - | - | - | - | - | - | - |
| | तोरीको तेल | - | - | - | - | - | - | - |
| | मास | - | - | - | - | - | - | - |
| | मुसुरो | - | - | - | - | - | - | - |
| | आलु | - | - | - | - | - | - | - |
| **सडक पहुँच भएका हिमाली तथा पहाडी बजारहरु** | | | | | | | | |
| धनकुटा | मोटा चामल | ३०.० | -३.२ | -६.३ | -१४.३ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ३६.० | १२.५ | १२.५ | ५.९ | ▲ | ▲ | ▶ |
| | भटमासको तेल | १३०.० | ४.० | ४.८ | २१.५ | ▶ | ▶ | ▲ |
| | कुखुराको मासु | २४०.० | -२०.० | -२०.० | -२३.८ | ▼ | ▼ | ▼ |
| | मास | १२०.० | ०.० | १३.२ | ०.० | ▶ | ▲ | ▶ |
| | मुसुरो | ८५.० | ०.० | ७.६ | -७.८ | ▶ | ▶ | ▶ |
| | आलु | २५.० | -३७.५ | -२८.६ | -१६.७ | ▼ | ▼ | ▼ |
| रोल्पा | मोटा चामल | - | - | - | - | - | - | - |
| | गहुँको पिठो | - | - | - | - | - | - | - |
| | भटमासको तेल | - | - | - | - | - | - | - |
| | कुखुराको मासु | - | - | - | - | - | - | - |
| | मास | - | - | - | - | - | - | - |
| | मुसुरो | - | - | - | - | - | - | - |
| | आलु | - | - | - | - | - | - | - |
| सांफेबगर | मोटा चामल | ३५.० | -७.९ | ०.० | -२.८ | ▼ | ▶ | ▶ |
| | गहुँको पिठो | ३५.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | २८०.० | ०.० | १२.० | -१५.२ | ▶ | ▲ | ▼ |
| | कुखुराको मासु | १५०.० | ७.१ | ७.१ | १५.४ | ▲ | ▶ | ▲ |
| | मास | १२०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | मुसुरो | १२०.० | ९.१ | ०.० | ०.० | ▲ | ▶ | ▶ |
| | आलु | ३५.० | -१२.५ | १६.७ | -१२.५ | ▼ | ▲ | ▶ |
| जुम्ला | मोटा चामल | ४५.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ६०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १४०.० | ०.० | ०.० | -१२.५ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | ३२०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | मास | १००.० | ०.० | ०.० | -९.१ | ▶ | ▶ | ▶ |
| | मुसुरो | १००.० | ०.० | ०.० | - | ▶ | ▶ | - |
| | आलु | ३५.० | ०.० | ०.० | ७५.० | ▶ | ▶ | ▲ |
| बाजुरा | मोटा चामल | ३०.० | -३.२ | -१८.९ | - | ▶ | ▼ | - |
| | गहुँको पिठो | ३५.० | -७.९ | -२०.५ | - | ▼ | ▼ | - |
| | सीमी | १००.० | -१६.७ | -१६.७ | - | ▼ | ▼ | - |
| | मास | १००.० | -१६.७ | -१६.७ | - | ▼ | ▼ | - |
| | मुसुरो | १००.० | -१६.७ | -१६.७ | - | ▼ | ▼ | - |
| | आलु | ३०.० | ०.० | २०.० | - | ▶ | ▲ | - |
| **सडक पहुँच नभएका हिमाली तथा पहाडी बजारहरु** | | | | | | | | |
| हुम्ला | मोटा चामल* | ४०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | २४०.० | ४.३ | ४.३ | -४.० | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | २८०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | सीमी | १००.० | ०.० | ०.० | ३३.३ | ▶ | ▶ | ▲ |
| | मास | - | - | - | - | - | - | - |
| | मुसुरो | - | - | - | - | - | - | - |
| | आलु | ३०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| डोल्पा | मोटा चामल | ९५.० | -५.० | -५.० | ५.६ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | १३०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | २००.० | -१३.० | -१३.० | ०.० | ▼ | ▼ | ▶ |
| | सीमी | २००.० | ०.० | ०.० | ३३.३ | ▶ | ▶ | ▲ |
| | मास | १७०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | मुसुरो | २००.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | आलु | ४०.० | ०.० | ०.० | ३३.३ | ▶ | ▶ | ▲ |

नेपालको खाद्य सुरक्षा सम्बन्धि ताजा जानकारीकालागि खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली (NeKSAP) को विद्युतय ठेगाना http://www.sites.google.com/site/nefoodsec मा हेर्न सकिनेछ ।

यो **बजार अवलोकन** विश्व खाद्य कार्यक्रम, नेपालले कृषि व्यवसाय प्रवर्धन तथा बजार विकास निर्देशनालय, नेपाल उद्योग वाणिज्य महासंघ तथा उपभोक्ता हित संरक्षण मञ्चको संयुक्त सहकार्यमा नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली NeKSAP को एक पाटोका रुपमा तयार पारेएको हो । नेपाल खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली द्वारा प्रकाशीत सम्पूर्ण सामाग्रीहरु NeKSAP को विद्युतिय ठेगाना http://www.sites.google.com/site/nefoodsec मा हेर्न सकिनेछ । थप जानकारीको लागि पो. ब. १०७, टेलिफोन : ५२६०६०७ एक्सटेन्सन नं.: २४२०–५ मा सम्पर्क राख्न सकिनेछ ।

यो परियोजना यूरोपीयन यूनियन अन्तर्गत खाद्य सहयोग कोषको सहयोगमा सञ्चालित छ ।
यस बुलेटिनमा प्रकासित विचारहरुले यूरोपीयन यूनियनको विचारहरुलाई प्रतिविम्वित गर्दछ भन्ने कूनै जरुरी छैन ।